डिलासैनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल ।

## आर्थिक वर्ष २०८१।०८२ का लागि चमेलिया नदीबाट गिट्टी बालुवा लगायतको कर तथा शुल्क संकलनको ठेक्का सम्बन्धि शिलबन्दि दरभावपत्र आवहान गरिएको सुचना ।

(प्रथम पटक प्रकाशित मिति २०८१।०६।०२ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ र ६४ बमोजिम डिलासैनी गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहायका आन्तरिक स्रोतहरु तर्फको नदीजन्य पदार्थ निकासीको स्वीकृत दररेटमा उठाउने गरी आर्थिक वर्ष २०८१।०८२ को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले तपसिल बमोजिमका शर्तहरु भित्र रही रितपूर्वक सिलबन्दी दरभावपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि १५(पन्ध्र) दिने यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१. दरभावपत्र खरिदको लागि रु. १०००।(अक्षरेपी एक हजार मात्र) पछि फिर्ता नहुने गरी आन्तरिक राजस्व खाता कुमारी बैंक डिलासैनी शाखा राजस्व कोष खाता नं ०८८००३४२४२४००००८ वा राजस्व शाखामा नगद बुझाइ सो को रसिद पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र डिलासैनी गाउँपालिकाको कार्यालय, डिलासैनी, बैतडीबाट कार्यालय समय भित्र खरिद गर्नुपर्नेछ र टेन्डर फाराम खरिद गर्दा आवश्यक कागजातको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

२. दरभावपत्र फाराम साथ धरौटी बापतको रकम कम्तिमा ५ प्रतिशत यस कार्यालयको कुमारी बैंक डिलासैनी शाखा धरौटी खाता ०८८००३४२४२४००००५ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले कम्तिमा ९० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरेको बिडबन्डको सक्कलै प्रति संलग्न गर्नुपर्नेछ ।

३. खरिद गरिएको दरभावपत्र प्रष्टसँग भरि ठेकेदारले प्रत्येक पानामा सहि छाप गरि खाम बाहिर व्यक्ति, फर्म, कम्पनीको नाम, ठेगाना, कामको नाम प्रष्ट लेखि यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिउँसो १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ ।

४. दरभावपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्नेदिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दरभावपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने छ ।

५. प्रत्येक कामको लागि छुट्टा छुट्टै दरभावपत्र खरिद तथा दाखिला गर्नुपर्ने छ ।

६. दरभावपत्र १६ औं दिनमा दिउँसो २ बजे व्यक्ति, ठेकेदारका प्रतिनिधिको रोहवरमा खोलिनेछ व्यक्ति, ठेकेदारका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभावपत्र खोल्न बाधा पर्ने छैन ।

७. कुनै पनि कारण जनाइ वा नजनाइ सम्पूर्ण वा आंशिक रुपमा दरभावपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

*व्यवसायिक निजामती प्रशासन : विकास समृद्धि र सुशासन*

२०८१।६।२

प्र. प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

दिलासैनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दिलासैनी, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल ।

८. दरभाउपत्र सर्त रहित केरमेट नभएको कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्रमा कुनै घटबढ वा हस्तक्षेप नगरेको हुनु पर्नेछ । समय भित्र पेश नभएको रित नपुगेको सूचनाका शर्त विपरित भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

९. कबोल रकम अंक र अक्षर दुवैमा प्रस्टसँग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१०. गत विगत वर्षमा ठेक्का लिई ठेक्का वापतको रकम नबुझाएका ठेकेदारको ठेक्का स्वीकृत गरिने छैन ।

११. ठेक्का स्वीकृत भएपछि स्वीकृत हुने ठेकेदारको धरौटि रकम सम्झौताको सम्पूर्ण कार्य अवधि समाप्त भई कार्य सम्पन्न भए पछि मात्र फिर्ता गरिनेछ । स्वीकृत रकम ३ किस्तामा विभाजन गरिने छ । पहिलो किस्ता ७५ प्रतिशत दोस्रो किस्ता १५ प्रतिशत र तेस्रो किस्ता १० प्रतिशत हुनेछ । पहिलो किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम रुपमा दाखिला गरेको हुनुपर्नेछ र बाँकी रकम सम्झौता गरेको मितिले तीन महिनाभित्र बुझाउनु पर्नेछ । सम्झौता गरेको दिनको रकम बाहेक बाँकी रकमको २०८२ असार मसान्त सम्मको बैंक ग्यारेन्टि समेत पेश गर्नुपर्नेछ ।

१२. सम्झौता बमोजिमको बालुवा गिट्टी उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । ठेकेदारको कमजोरीका कारण बालुवा गिट्टी उठाउन नसकेमा कार्यालयमा मिनाहा क्षतिपूर्ति अथवा कुनै किसिमको दाबि गर्न पाउने छैन ।

१३. स्थानीय स्तरमा उठ्ने विवादको समाधान गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित ठेकेदारको हुनेछ ।

१४. कबोल अंकको १३ प्रतिशत भ्याट रकम सम्बन्धित ठेकेदारले सम्झौता गर्दा नै बुझाउनु पर्नेछ ।

१५. यसमा उल्लेख नभएका अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१६. शिलबन्दी दरभाउपत्र फाराम कार्यालयको वेबसाइट र कार्यालयबाट उपलब्ध गराइनेछ । अन्य जानकारीका लागि कार्यालय समय भित्र कार्यालयबाट जानकारी लिन सकिनेछ ।

१७. IEE प्रतिवेदनमा औंल्याइएका प्रावधानहरुको पालना गरेर मात्र फर्म/ठेकेदारले ठेक्का संचालन गर्नुपर्नेछ ।

| ठेक्का नं | ठेक्काको किसिम | ठेक्का उठाउन पाउने क्षेत्र | कुल संकलन गर्न पाउने कुल परिमाण(घन मिटर) | न्यूनतम अंक भ्याट बाहेक रु | बोलपत्र फाराम रकम रु | धरौटी रकम रु |
|---|---|---|---|---|---|---|
| DRM/BTD/SQ/01/2081-082 | बालुवा गिट्टी निकासी | बगडी, त्रिनीगाड, कर्कले, सिर्सानी, बगड भंगालो पारी उत्तर पट्टी नदी किनार | १८७८.०० | २६६६७६.०० | १०००। | कबोल अंकको ५ प्रतिशत |

२०८१/३/१२
प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner

डिलासैनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल ।

## आन्तरिक श्रोत उठाउने ठेक्का सम्वन्धी बोलपत्र फाराम

### आ.व. २०८१।०८२

| ठेक्का नं | ठेक्काको नाम | कबोल ठेक्का अंक(भ्याट बाहेक) | | धरौटी रकम र भौचर नं. | |
|---|---|---|---|---|---|
| | | अंकमा रु. | अक्षरमा | अंकमा रु. | अक्षरमा |
| DRM/BTD/SQ/01/2081-082 | स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदनमा उल्लेख भए बमोजिम डिलासैनी गापाको चमेलिया नदीको विभिन्न घाट बगडी, बिन्नीगाड, कर्कले, सिर्सानी बगड, भंगालो पारी उत्तर पट्टी नदी किनार मात्र | | | | |

ठेक्काका शर्तहरु अध्ययन गरी शर्त पालना गर्ने मन्जुरीका साथ माथि उल्लेखित व्यहोरा बमोजिम रकम उल्लेख गरी बोलपत्र पेश गरेको छु ।

बोलपत्र दाताको विवरणः

व्यक्तिको नामः

स्थायी ठेगानाः

सम्पर्क ठेगानाः

नागरिकता नं. मिति र जिल्लाः

फर्मको नामः

जिल्ला र दर्ता नं.

फोन/मोबाइल नं.

दस्तखतः

मितिः

२०८१।६।१२
नि. प्रमुख प्रशासकीय अधिकृत

व्यावसायिक निजामति प्रशासन : विकास समृद्धि र सुशासन